# कनकाई नगरपालिका

## आ.व. २०८१/०८२ को पहिलो नगर कार्यपालिका बैठक मिति २०८१/०४/११

प्रस्तावहरु

१. समीक्षा सम्बन्धमा ।
२. दायित्व भुक्तानी सम्बन्धमा ।
३. बजेट माग सम्बन्धमा ।
४. एशियन राजमार्ग सम्बन्धमा ।
५. घ वर्गको ईजाजत सम्बन्धमा ।
६. वडाको जग्गा प्राप्ती सम्बन्धमा ।
७. राजश्व फारम सम्बन्धमा ।
८. करार सेवा सम्बन्धमा ।
९. सामाजिक सुरक्षा सम्बन्धमा ।
१०. लोक सेवा आयोगको परिपत्र सम्बन्धमा ।
११. विविध सम्बन्धमा ।

निर्णयहरु

१. प्रस्ताव नं १ माथि छलफल गर्दा अघिल्लो कार्यापालिका बैठकको निर्णहरुको कार्यान्वयन र प्रगति सम्बन्धमा समीक्षा गरियो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा आ.व.२०८०/८१ मा सम्झौता भई भुक्तानी दिन बांकी रहेका योजनाहरुको चालु आ.व.को बजेट बाट भुक्तानी गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा कनकाई नगरपालिका वडा नं २ मा रहेको सुकेडांगी धनुषकोटी धामको वृहत्तर पर्यटन विकासका तयार भएको गुरुयोजना अनुसार कनकाई नगरपालिकाको समग्र पर्यटकीय क्षेत्रको आर्थिक विकास तथा सामाजिक विकासका लागि सम्बन्धित निकायमा बजेट माग गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा नागरिकहरुले एसियन हाइवेको निर्माण कार्य सम्बन्धमा यस कनकाई नगरपालिकामा गरिएको सार्वजनिक सुनुवाईमा नागरिकको बुझ्ने गरि त्यसको डिजाइन/इष्टिमेट सार्वजनिक नगरिएकाले स्थानीय तहबाट हस्ताक्षर समेत नगरिएकाले तत्कालिन सार्वजनिक सुनुवाई आयोजनाका पदाधिकारी, सरोकारवाला व्यक्ति, कनकाई नगरपालिकाका जनप्रतिनिधि तथा नागरिकहरुको उपस्थितिमा गरिएको छलफलमा कनकाई नगरपालिकाको राजमार्ग उत्तरपट्टीबाट बग्ने बाघे खोला, सुरुङगा खोला, सन्काहा खोला र भुरुङगा खोला लगायतका खोलाहरुलाई व्यवस्थित ढङ्गले बगाउनका लागि राजमार्गको दुवैपट्टी पक्की संरचना बनाउने सहमति समेत भएको त्यस्तै आवश्यक ठाउँमा ड्रेन समेत निर्माण गर्ने र बिभिन्न बजार तथा घनाबस्ती भएको क्षेत्रमा सडक वारपार गर्नका लागि fly over को व्यवस्था हुनुपर्नेमा सोचे भन्दा धेरै खर्चालु हुने भनी सम्बन्धित निकायका प्रतिनिधिहरुले भनेको हुँदा हामीले कनकाई नगरपालिकामा हाल प्रयोग तथा भौगोलिक रुपमा केहीलाई अंन्यन्त्र सार्दै अन्डरग्राउड ब्रीज बस्तु तथा मानिस आवतजावत गर्ने गरि तिनीहरुलाई Subway को रुपमा मानी प्रयोग गर्ने सहमति भएकोमा हालसम्म पनि त्यस्तो खालको नक्सा तथा त्यस प्रकृयामा सम्बन्धित पक्षले चासो नदेखाएको हुँदा नागरिकहरुले दिएको निवेदनको आधारमा बिरिङ पुल पश्चिम जुके कल्भर्टसम्मको भाग, सुरुङगा पुल देखि सेल्फी रोडसम्मको भाग, त्यस्तै बिरिङ पुल पूर्व शितल चोकसम्मको भागमा सो क्षेत्र बचाउनका निमित्त स्पष्ट प्राविधिक निर्माण कार्य योजना नआएसम्म वाटो विस्तार तथा निर्माणको कार्यहरु नगर्न तथा नगराउनका लागि सम्बन्धित निकायमा लेखि पठाउने निर्णय गरियो ।

Scanned with CamScanner

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस कनकाई नगरपालिकाको घ वर्ग निर्माण व्यवसायी ईजाजत पत्र सम्वन्धी कार्यविधि-२०७५ बमोजिम हुने गरी श्री गजनी विल्डर्स प्रा.लि., कनकाई नगरपालिका-३ र देवी माता पाथिभरा कन्स्ट्रक्सन प्रा.लि., क.न.पा.-३, झापालाई घ वर्गको ईजाजंत पत्र स्विकृत गर्ने निर्णय गरियो । साथै बुढानिलकण्ठ नगरपालिका काठमाण्डौंको ईजाजत नं. ४/०७६/०७७ मिति २०७६/१०/२१ मा घ वर्गको ईजाजत पत्र जारी भई यस नगरपालिकामा ठाउँसारीका लागि बुढानिलकण्ठ नगरपालिकाको मिति २०८०/०५/१० को च.नं. ३४९ को सक्कल फायल, सम्वन्धित प्राविधिकको सिफारिसमा कञ्चनजङ्गा हिमाल कन्स्ट्रक्सन प्रा.लि.लाई यस नगरपालिकामा घ वर्गको निर्माण व्यवसायीको ईजाजत पत्र दिने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा कनकाई नगरपालिका वडा नं १ को लागि धन कन्सल्टेन्सी एण्ड हाउजिङ प्रा लि, बिर्तामोड नगरपालिका-६, झापाको नाममा दर्ता कायम रहेको साविक झापा जिल्ला सुरुङ्गा गा.वि.स. १ (ख) हाल झापा जिल्ला कनकाई नगरपालिका वडा नं. १ को कि.नं. ७६७३ को ज. वि. ०-७-५.५ मध्ये ०-१-७ जग्गा निःशुल्क उपलब्ध गराउने भनी सम्पूर्ण प्रकृया पुरा गरि भूमि व्यवस्थापन तथा अभिलेख विभाग बबरमहल काठमाण्डौमा पेश गरिएकोमा उक्त विभागको च.नं. १४०७ मिति २०८०/०८/२० को पत्रबाट गाउँपालिका तथा नगरपालिकाको केन्द्र निर्धारण सम्बन्धी मापदण्ड बमोजिम वडा कार्यालयको भवन निर्माणका लागि कम्तीमा ३ रोपनी अर्थात १५२६.२४ वर्ग मिटर जग्गा आवश्यक पर्ने गरि मापदण्ड अनुसार क्षेत्रफल नपुगेको पत्र प्राप्त भएकाले उक्त जग्गा आधारभूत स्वास्थ्य केन्द्र कनकाई नगरपालिका वडा नं. १ का लागि रजिष्ट्रेशन पास तथा अन्य कार्य गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

७. प्रस्ताव नं ७ माथि छलफल गर्दा कनकाई नगरपालिकाको आ.व. २०८१/०८२ को राजश्व संकलनलाई व्यवस्थित गर्न यस नगरपालिकाबाट जारी गरिएको आर्थिक ऐन बमोजिम सम्पति विवरण, दाखिला फारमलाई व्यक्ति आफैले स्वघोषणा गरी उक्त फारमलाई वडाध्यक्ष मार्फत स्वीकृत गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

८. प्रस्ताव नं ८ माथि छलफल गर्दा सामाजिक विकास मन्त्रालय कोशी प्रदेश, कनकाई नगरपालिका र करुणा फाउण्डेशन बीच अपाङगता रोकथाम तथा पुर्नस्थापना कार्यक्रमका लागि त्रिपक्षीय सम्झौता मिति २०८१/०३/११ गते भई सो कार्यक्रम सञ्चालनका लागि आवश्यक समुदायमा आधारित पुर्नःस्थापना सहजकर्ता (सि.वि.आर.) छनौटका लागि मिति २०८१/०३/३० गते विज्ञापन प्रकाशन भएकोमा मिति २०८१/०४/२ देखि ३ गतेसम्म सञ्चालित लिखित परिक्षा, प्रयोगात्मक र अन्तर्वातामा तपशिल बमोजिमका उम्मेद्वार छनौट भएको र उक्त छनौट भएका उम्मेद्वारहरुको करार सम्झौता अनुमोदन गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.स | रोल नं | उम्मेद्वारको नाम,थर | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १ | ५ | अमृता दाहाल | कनकाई न.पा.-३ | सिफारिस योग्यता क्रम १ |
| २ | २१ | चेतन आचार्य | कनकाई न.पा.-३ | सिफारिस योग्यता क्रम २ |
| ३ | ३ | लिसा शिवाकोटी | कनकाई न.पा.-७ | खुला वैकल्पिक १ |

Scanned with CamScanner

# कनकाई नगरपालिका

## आ.व. २०८१/०८२ को पहिलो नगर कार्यपालिका बैठक मिति २०८१/०४/११

९. प्रस्ताव नं ९ माथि छलफल गर्दा राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागको चं. न. १ मिति २०८१/०४/०३ गतेको पत्र बमोजिम लागत साझेदारी अन्तर्गत संघीय सरकारको वित्तिय हस्तान्तरण (सशर्त अनुदान) मार्फत सेवा इकाइमा कार्यरत एम. आइ. एस. अपरेटर र फिल्ड सहायकको विवरण माग भई आएको हुँदा तपशिलको विवरण सम्वन्धित निकायमा पेश गर्ने निर्णय गरियो ।

<u>तपशिल</u>

| क्र.स. | सेवा इकाइममा कार्यरत जनशक्ति | नाम | ठेगाना |
|---|---|---|---|
| १ | एम.आइ.एस.अपरेटर | मनिस भट्टराई | कनकाई.न.पा.५ झापा |
| २ | फिल्ड सहायक | मुनिता मुर्मु | कनकाई.न.पा.१ झापा |

ख. लागत साझेदारीको अतिरिक्त स्थानीय तहको आफ्नै स्रोतबाट थप जनशक्ति

| क्र.स | सेवा ईकाइमा कार्यरत जनशक्ति | नाम | ठेगाना |
|---|---|---|---|
| १ | एम. आइ.एस.अपरेटर | यम कुमार दाहाल | कनकाई न.पा. १ झापा |

Starunva

Scanned with CamScanner

बैठक: ०२-२०८१/०८२

आज मिति २०८१ साल श्रावण ३२ गते शुक्रबारका दिन यस कनकाई नगरपालिकाका नगर प्रमुख श्रीराजेन्द्र कुमार पोखरेलज्यूको अध्यक्षतामा नगर कार्यपालिका बैठक तपशिल उपस्थितिमा बसि देहाय बमोजिमको छलफल तथा निर्णय गरियो ।

<u>उपस्थिति</u>

| | |
|---|---|
| १. नगर प्रमुख- | राजेन्द्र कुमार पोखरेल |
| २. नगर उपप्रमुख- | आशा शिवाकोटी |
| ३. वडाध्यक्ष- | सुशिल कुमार पोखरेल |
| ४. वडाध्यक्ष- | बलराम राई |
| ५. वडाध्यक्ष- | युवराज चम्लागाई |
| ६. वडाध्यक्ष- | रोशन सुवेदी |
| ७. वडाध्यक्ष- | कृष्ण बहादुर राई |
| ८. वडाध्यक्ष- | भीष्म भूषण सिटौला |
| ९. वडाध्यक्ष - | लिला बहादुर कटुवाल |
| १०. ~~कार्यवाहक~~ वडाध्यक्ष - | ~~युवराज राजवंशी~~ राजेन्द्र प्रसाद उप्रेती |
| ११. कार्यवाहक वडाध्यक्ष- | कल्पना विश्वकर्मा |
| १२. कार्यपालिका सदस्य- | कृष्ण माया भूजेल |
| १३. कार्यपालिका सदस्य- | सावित्रा देवी बर्देवा |
| १४. कार्यपालिका सदस्य- | नवल किशोर दत्त कायस्थ |
| १५. कार्यपालिका सदस्य- | नरा देवी मगर |
| १६. कार्यपालिका सदस्य- | लक्ष्मी कट्वाल |
| १७. कार्यपालिका सदस्य- | सुशिला बुधनी कुमारी चौधरी |
| १८. कार्यपालिका सदस्य- | हरिलाल खवास भूजेल |
| १९. कार्यपालिका सदस्य- | चेता राई |
| २०. सदस्य सचिव, नि.प्र.प्र.अ.- | जमुना कटुवाल |

अन्य:

| | |
|---|---|
| १. लेखा अधिकृत- | क्षेत्रनाथ शर्मा |
| २. सहायक पाँचौ - | विजय पाठक |
| ३. सहायक पाँचौ - | लक्ष्मी प्रसाद अधिकारी |
| ४. कृषि विकास अधिकृत - | रुद्र कुमार उप्रेती |
| ५. ईन्जिनियर | बिशाल थेबे |

# कनकाई नगरपालिका

## आ.व. २०८१/०८२ को दोश्रो नगर कार्यपालिका बैठक मिति २०८१/०४/३२

प्रस्तावहरु

१. समीक्षा सम्बन्धमा ।
२. भगिनी सम्बन्धमा ।
३. घर भाडा सम्झौता सम्बन्धमा ।
४. योजना संशोधन सम्बन्धमा ।
५. IEE स्विकृती सम्बन्धमा ।
६. करार शिक्षक छनौट कार्यविधि, २०८१ सम्बन्धमा ।
७. स्थानीय दररेट सम्बन्धमा ।

निर्णयहरु

१. प्रस्ताव नं १ माथि छलफल गर्दा अघिल्लो कार्यापालिका बैठकको निर्णहरुको कार्यान्वयन र प्रगति सम्बन्धमा समीक्षा गरियो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा कनकाई नगरपालिका झापा र सूर्योदय नगरपालिका इलाम बीच स्थानीय तह समन्वय तथा सहजीकरण गर्नका लागि एक स्थानीय तहमा उत्पादित कृषिजन्य उत्पादनहरुलाई प्रर्वद्धन गर्नका लागि यस कनकाई नगरपालिका र सूर्योदय नगरपालिका, इलाम बीच उत्पादित कृषि उत्पादनहरुलाई अन्तर स्थानीय तह बजारीकरण तथा प्रर्वद्धन गर्नका लागि भगिनी सम्बन्ध कायम गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा कनकाई नगरपालिकाले विभिन्न प्रयोजनका लागि यस अघि गरिएको विभिन्न घर भांडा सम्झौतामा लिएका कोठाहरुलाई आ.व. २०८१/८२ को लागि सम्झौता नविकरण गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा शहरी विकास मन्त्रालय तथा संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय मार्फत निर्माण योजनामा विनियोजन भएको बजेट क्र.सं. ७ को झापा जिल्ला कनकाई नगरपालिका वडा नं. ४ विश्वकर्मा बाबाको मन्दिर पूर्वाधार निर्माण हुनुपर्नेमा भूलवस वडा नं. २ हुन गएको हुँदा नियमानुसार उक्त वडा नं. ४ सच्याउनका लागि सम्बन्धित मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा कनकाई नगरपालिकाको बिरिङ नदीबाट आ.व. २०८१/८२ को लागि नदीजन्य पदार्थ संकलन, उत्खन्न तथा बिक्रीको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।साथै कनकाई नगरपालिकाले तोकिदिएको क्षेत्र भित्र IEE प्रतिवेदन अनुसार तोकिएको परिमाण र प्रदेश सरकारबाट तोकिदिएको दर रेट बमोजिम नदीजन्य सामाग्री (पदार्थ) संकलन तथा बिक्री ठेक्का न्युनत्तम ठेक्का अंक मु.अ.क सहित २,०९,४२,४७०।- इ.बिडिङ मार्फत ३१ दिने आन्तरिक आयको ठेक्का आह्वान गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा कनकाई नगरपालिकाको विद्यायन समितिबाट पेश भएको करार शिक्षक छनौट कार्यविधि, २०८१ छलफल गरि पारित गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

# कनकाई नगरपालिका

## आ.व. २०८१/०८२ को दोश्रो नगर कार्यपालिका बैठक मिति २०८१/०४/३२

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा भौतिक पूर्वाधार समितिबाट कनकाई नगरपालिकाको आ.व. २०८१/०८२ का लागि झापा जिल्ला दररेट एंव नियमका आधारमा स्थानीय दररेट तयार भई स्वीकृतिका लागि पेश भएकाले तपशिल बमोजिमको स्थानीय दररेट स्वीकृत गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

बैठक: ०३-२०८१/०८२

आज मिति २०८१ साल भाद्र ०७ गते शुक्रबारका दिन यस कनकाई नगरपालिकाका नगर प्रमुख श्रीराजेन्द्र कुमार पोखरेलज्यूको अध्यक्षतामा नगर कार्यपालिका बैठक तपशिल उपस्थितिमा बसि देहाय बमोजिमको छलफल तथा निर्णय गरियो ।

<u>उपस्थिति</u>

१. नगर प्रमुख- राजेन्द्र कुमार पोखरेल

२. नगर उपप्रमुख- आशा शिवाकोटी

३. वडाध्यक्ष- सुशिल कुमार पोखरेल

४. वडाध्यक्ष- बलराम राई

५. वडाध्यक्ष- युवराज चम्लागाई

६. वडाध्यक्ष- रोशन सुवेदी

७. वडाध्यक्ष- कृष्ण बहादुर राई

८. वडाध्यक्ष- भीष्म भूषण सिटौला

९. वडाध्यक्ष - लिला बहादुर कटुवाल

१०. वडाध्यक्ष - राजेन्द्र प्रसाद उप्रेती

११. कार्यवाहक वडाध्यक्ष- कल्पना विश्वकर्मा

१२. कार्यपालिका सदस्य- कृष्ण माया भूजेल

१३. कार्यपालिका सदस्य- सावित्रा देवी बर्देवा

१४. कार्यपालिका सदस्य- नवल किशोर दत्त कायस्थ

१५. कार्यपालिका सदस्य- नरा देवी मगर

१६. कार्यपालिका सदस्य- लक्ष्मी कटुवाल

१७. कार्यपालिका सदस्य- सुशिला बुधनी कुमारी चौधरी

१८. कार्यपालिका सदस्य- हरिलाल खवास भूजेल

१९. कार्यपालिका सदस्य- चेता राई

२०. सदस्य सचिव, प्र.प्र.अ.- सुरज श्रेष्ठ

अन्य:

१. प्रशासकीय अधिकृत- जमुना कटुवाल

२. लेखा अधिकृत- क्षेत्रनाथ शर्मा

प्र.अ. रोहित पौडेल

राजकुमार ओझा (शिक्षा अधिकृत) -

भुपेन्द्र बस्नेत कानुन अधिकृत -

खगेन्द्र मिश्र सूचना प्र.अधिकृत

प्रितम न्यौपाने ताप्र. - रोजगार संयोजक -

[illegible]

Scanned with CamScanner

# कनकाई नगरपालिका

## आ.व. २०८१/०८२ को तेस्रो नगर कार्यपालिका बैठक मिति २०८१/०५/०७

प्रस्तावहरु

१. समीक्षा सम्बन्धमा ।

२. O&M सम्बन्धमा ।

३. स्थायी पद दर्ता सम्बन्धमा ।

४. कर्मचारी सेवासुविधा प्रतिबद्धता सम्बन्धमा ।

५. अख्तियारी प्रदान सम्बन्धमा ।

६. कोटिहवन व्यवस्थापन सम्बन्धमा ।

७. कार्यालय दर्ता सम्बन्धमा ।

८. विविध सम्बन्धमा ।

निर्णयहरु

१. प्रस्ताव नं १ माथि छलफल गर्दा अघिल्लो कार्यापालिका बैठकको निर्णहरुको कार्यान्वयन र प्रगति सम्बन्धमा समीक्षा गरियो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को परिच्छेद ३ दफा (६) बमोजिम प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वको सिफारिस समितिले तयार गरेको कनकाई नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०८१ लाई कनकाई नगरपालिकाको १६ औं नगरसभाको बैठक संख्या: ४ मिति २०८१/०३/३० गतेको नगरसभाले यस कार्यपालिकालाई स्वीकृत गर्ने अधिकार प्रत्यायोजन गरेकाले सिफारिस समितिबाट पेश भएको कनकाई नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन २०८१ लाई स्वीकृत गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यलय, कोशी प्रदेशले मिति २०८०/११/१५ गते गरेको स्थायी कार्यालय तथा स्थायी पद दर्ता सम्बन्धी गरेको पत्राचार अनुसार कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को परिच्छेद २, दफा (६) अनुसारको स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा सिफारिस समितिले तयार गरेको कनकाई नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०८१ बमोजिम नगरपालिकाको संगठन संरचना र दरवन्दीको प्रस्ताव नगर कार्यपालिका मार्फत पेश भई स्वीकृत संगठन संरचना तथा दरवन्दी अनुसारको स्थायी पद र कार्यालय दर्ता गर्न प्रदेश किताबखानामा पठाउने निर्णय गरियो ।

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यलय, कोशी प्रदेशले मिति २०८०/११/१५ गते गरेको स्थायी कार्यालय तथा स्थायी पद दर्ता सम्बन्धी गरेको पत्रमा भए बमोजिम स्वीकृत स्थायी पद तथा दरबन्दी अनुसारको कर्मचारीहरुको, स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन २०८० को दफा ५७ को उपदफा ७ मा भएको व्यवस्था कार्यान्वयन नहुन्जेल सम्म सोही ऐनमा भएको व्यवस्था अनुसार कर्मचारीहरुले पाउने सेवा सुविधा पालिकाबाट नै भुक्तानी गर्ने सम्बन्धी प्रतिबद्धता गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

# कनकाई नगरपालिका

## आ.व. २०८१/०८२ को तेस्रो नगर कार्यपालिका बैठक मिति २०८१/०५/०७

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा वादी टिकादेवि दाहाल प्रतिवादी कनकाई नगरपालिका, कनकाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय झापा, ऐ.ऐ का नगर प्रमुख राजेन्द्र कुमार पोखरेल समेत भइ श्री झापा जिल्ला अदालत, झापामा दायर भएको घर निर्माण संरचना हटाई सार्वजनिक सडक किचोला मेटाई चलन (मुद्दा नं. ०८०-CP-२४७५) मुद्दाको म्याद मिति २०८१/०४/१८ मा प्राप्त भएकाले उक्त मुद्दामा यस कनकाई नगरपालिका, कनकाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय झापा, ऐ.ऐ का नगर प्रमुख राजेन्द्र कुमार पोखरेल समेतका तर्फबाट श्री झापा जिल्ला अदालत, झापामा उपस्थित भई बहस पैरवी गर्ने, कानुन व्यवसायी नियुक्त गर्ने, वारेस नियुक्त गर्ने, लिखित जवाफ दर्ता गर्ने लगायतका मुद्दासंग सम्बन्धित अन्य सम्पूर्ण काम कारवाही गर्नका लागि यस कनकाई नगरपालिकाका कानुनी सल्लाहकार श्री खगेन्द्र दंगाललाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा श्री कनकाईधाम धार्मिक विकास संस्था कोटीहोम, कनकाई नगरपालिका वडा नं. ४ को मिति २०८१/०५/०३ गतेको पत्रानुसार लक्ष्मी नारायण मन्दिर निर्माणका लागि आवश्यक अनुमति पत्र सम्बन्धमा लेखि आएकाले उक्त मन्दिरको निर्माण कार्य सम्बन्धी आवश्यक समन्वय तथा सहजीकरणका लागि कनकाई नगरपालिका वडा नं. ४ का वडाध्यक्ष श्री रोशन सुवेदीलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेशको मिति २०८०/११/१५ गतेको च.नं. १२३० को स्थायी कार्यालय दर्ता तथा स्थायी पद दर्ता सम्बन्धी पत्र बमोजिम स्थायी कार्यालय दर्ता गर्न सम्बन्धीत निकायमा पठाउने निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस कनकाई नगरपालिकाको कार्यालयमा कार्यरत स्थायी कर्मचारीहरुको तह वृद्धिका लागि निवेदन पेश गर्ने सम्बन्धी मिति २०८१।०२।३२ गतेको सूचना प्रकाशित भई निवेदन दर्ता भएका तपशिलका कर्मचारीहरुको पेश भएको कागजातहरुको आधारमा स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ४ को उपदफा (५) बमोजिम तपशिलका कर्मचारीहरुलाई देहाय अनुसार स्वतः तह वृद्धि गर्न नगर कार्यपालिका समक्ष सिफारिस समितिबाट पेश भएको निर्णय बमोजिम सोही दफाका आधारमा निजहरु जुनसुकै व्यहोराले अवकाश भएमा सो पद स्वतः खारेज भई तल्लो तहको पदमा पदपूर्ति हुने गरी निर्णय गरियो । साथै आवश्यक प्रकृयाका लागि यस नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी प्रदान गर्ने निर्णय समेत गरियो ।

तपशिलः-

| क.सं | कर्मचारीको नाम, थर | संकेत नं | साविकको पद, तह, सेवा, समूह | वृद्धि हुने पद, तह,सेवा, समूह | जेष्ठता लागू हुने मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | क्षेत्रनाथ शर्मा | ११९२१० | पदः- लेखा अधिकृत<br>तहः- अधिकृत सातौं<br>सेवाः-प्रशासन<br>समुहः- लेखा | पदः- लेखा अधिकृत<br>तहः- अधिकृत आठौं<br>सेवाः- प्रशासन<br>समुहः- लेखा | २०८१।०४।०३ | |
| २ | सुस्मा श्रेष्ठ | २०६५०८ | पदः- अ.न.मी<br>तहः- सहायक पाँचौ<br>सेवाः- स्वास्थ्य सेवा<br>समुहः- क.न./प.हे.न | पदः-सि.अ.न.मी. निरिक्षक<br>तहः-अधिकृत छैटौं<br>सेवाः- स्वास्थ्य सेवा<br>समुहः- क.न./प.हे.न | २०८१।०४।०३ | |

Scanned with CamScanner

# कनकाई नगरपालिका

## आ.व. २०८१/०८२ को तेस्रो नगर कार्यपालिका बैठक मिति २०८१/०५/०७

साथै कनकाई नगरपालिकाले तोकिदिएको क्षेत्र भित्र आ.व. २०८१।८२ मा गरिएको दुई प्याकेजको (विरिङ्ग नदि) भित्र IEE प्रतिवेदन अनुसार दैनिक राजमार्ग उत्तर तर्फ दैनिक १७७.७८ र (विरिङ्ग नदि। भित्र IEE प्रतिवेदन अनुसार दैनिक राजमार्ग दक्षिण तर्फ दैनिक १६९.२६ उत्खंनन गर्न सकिने गरि २७० दिनको दिन कायम गरी IEE प्रतिवेदन तयार भई स्विकृत भएकोमा अख्तियार दुरुपयोग तथा अनुसन्धान आयोगको मिति २०८१।०३।३१ गतेको पत्रानुसार नदिजन्य पदार्थ उत्खनन तथा संकलन कार्यलाई व्यवस्थित गर्न उत्खनन कार्य अनुमती प्रदान गर्दाको बखतमै उत्खनन क्षेत्रको सिमाना रेखाङ्कन गर्न लगाई उक्त सिमानाभि कमसेकम १००१० को ग्रीडमा (अन्तराष्ट्रीय प्रचलन अनुसार) को सर्भे नक्सा तयार गर्नु पर्ने भनी जानकारी प्राप्त भएकोले उक्त कार्य परामर्श सेवा बाट गरिएको तथा उक्त कार्य गर्नको लागि थप समय मिति २०८१।०५।१७ गते मात्र सुचना प्रकाशित हुने भएकोले उल्लेखित मितिमा प्रकाशित सुचना बमोजिम सुचना खुल्ने मिति, मुल्याङ्कन समय, आशयको सुचना, संम्झौता गर्न आउने पत्राचार समेतलाई आधार मान्दा मिति २०८१।०७।१४ गतेमात्र सम्पन्न भई सम्झौता हुने देखिएको र उक्त सामयमा सम्झौता गर्दा तोकिएको मिति भन्दा ४१ दिन पछि मात्र भएको देखिएको र वातारण संरक्षण नियमावली २०७७ को नियम ०३ बमोजिम अनुसुची ०२ को गको ७ बमोजिम नदिनाला सतहबाट दैनिक १०० घनमिटर भन्दा बढी ३०० घनमिटरसम्म वालुवा ग्राभेल गिर्खा माटो निकाल्न सकिने भनि कानुनी व्यवस्था रहेकोले उल्लेखित सम्झौताको समयभित्र (सम्झौता मितिः प्रारम्भ भए देखि) राजमार्ग उत्तर तर्फ दैनिक २०९.६० घनमिटर निकाल्न सकिने र राजमार्ग दक्षिण तर्फ दैनिक १९९.५६ घनमिटर निकाल्न सकिने र उल्लेखित परिमाण माथि उल्लेखित कानुनी व्यवस्था बमोजिम नै देखिएको तथा IEE प्रतिवेदनमा समेत उक्त विषय प्रष्ट रुपमा देखिएको हुनाले उल्लेखित परिमाणमा नबढ्ने गरि नदिजन्य सामग्री उत्खनन गर्ने गरि सम्झौता गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

बैठक: ०४-२०८१/०८२

आज मिति २०८१ साल असोज ०८ गते मँगलबारका दिन यस कनकाई नगरपालिकाका नगर प्रमुख श्रीराजेन्द्र कुमार पोखरेलज्यूको अध्यक्षतामा नगर कार्यपालिका बैठक तपशिल उपस्थितिमा बसि देहाय बमोजिमको छलफल तथा निर्णय गरियो ।

<u>उपस्थिति</u>

| | |
|---|---|
| १. नगर प्रमुख- | राजेन्द्र कुमार पोखरेल |
| २. नगर उपप्रमुख- | आशा शिवाकोटी |
| ३. वडाध्यक्ष- | सुशिल कुमार पोखरेल |
| ४. वडाध्यक्ष- | वलराम राई |
| ५. वड़ाध्यक्ष- | युवराज चम्लागाई |
| ६. वडाध्यक्ष- | रोशन सुवेदी |
| ७. वडाध्यक्ष- | कृष्ण बहादुर राई |
| ८. वडाध्यक्ष- | भीष्म भूषण सिटौला |
| ९. वडाध्यक्ष - | लिला बहादुर कटुवाल |
| १०. वडाध्यक्ष - | राजेन्द्र प्रसाद उप्रेती |
| ११. कार्यवाहक वडाध्यक्ष - | कल्पना विश्वकर्मा |
| १२. कार्यवाहक वडाध्यक्ष - | कृष्ण माया भूजेल |
| १३. कार्यपालिका सदस्य- | सावित्रा देवी वर्देवा |
| १४. कार्यपालिका सदस्य- | नवल किशोर दत्त कायस्थ |
| १५. कार्यपालिका सदस्य- | नरा देवी मगर |
| १६. कार्यपालिका सदस्य- | लक्ष्मी कट्वाल |
| १७. कार्यपालिका सदस्य- | सुशिला बुधनी कुमारी चौधरी |
| १८. कार्यपालिका सदस्य- | हरिलाल खवास भूजेल |
| १९. कार्यपालिका सदस्य- | चेता राई |
| २०. सदस्य सचिव, प्र.प्र.अ.- | सुरज श्रेष्ठ |

अन्य:

| | |
|---|---|
| १. प्रशासकीय अधिकृत- | जमुना कटुवाल |
| २. लेखा अधिकृत- | क्षेत्रनाथ शर्मा |
| ३. अधिकृत सातौं - | राज कुमार ओडारी |
| ४. सहायक पाँचौं- | विजय पाठक |
| ५. सहायक पाँचौं | अनिता राई |
| ६. का.स | गंगा बिष्ट |

# कनकाई नगरपालिका

## आ.व. २०८१/०८२ को चौथो नगर कार्यपालिका बैठक मिति २०८१/०६/०८

**प्रस्तावहरु**

१. समीक्षा सम्बन्धमा ।

२. भ्रमण स्वीकृत सम्बन्धमा

३. कार्यविधि सम्बन्धमा ।

४. खानेपानी जडान सम्बन्धमा ।

५. विविध सम्बन्धमा ।

**निर्णयहरु**

१. प्रस्ताव नं १ माथि छलफल गर्दा अघिल्लो कार्यपालिका बैठकको निर्णयहरुको कार्यान्वयन र प्रगति सम्बन्धमा समीक्षा गरियो ।

२. प्रस्ताव नं २ Seoul Digital Foundation को निमन्त्रणामा Seoul Smart Life Week (SLW) २०२४ मा सहभागी हुन उक्त संस्थाबाट यस नगरपालिकाका नगर प्रमुख श्री राजेन्द्र कुमार पोखरेलज्यूलाई मिति २०२४/१०/१० देखि २०२४/१०/१२ तारिखसम्म दक्षिण कोरियामा सम्पन्न हुने कार्यक्रमका लागि निमन्त्रणा प्राप्त भएकाले उक्त कार्यक्रममा लाग्ने सम्पूर्ण खर्च Seoul Digital Foundation द्वारा व्यहोर्ने भएकाले नगर प्रमुखको भ्रमण स्वीकृतिका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रलाय, योजना तथा वैदेशिक समन्वय महाशाख, सिहंदरबार काठमाडौंमा भ्रमण स्वीकृतिका लागि पठाउने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा कनकाई नगरपालिका वडा नं २ स्थित श्री पञ्चकन्या प्राथमिक विद्यालयको माग निवेदनुसार मिति २०७८ साल मंसिर महिना देखि हालसम्मको खानेपानी वापतको महसुल श्री सुरुङगा खानेपानी तथा सरसफाइ सामुदायिक उपभोक्ता संस्थालाई विद्यालयले तिनुपर्ने महसुल जरिवाना कटौति गरि बांकी रकम रु ४७,६५१।- (अक्षरेपि सङचालिस हजार छ सय एकाउन्न मात्र) यस नगरपालिकाबाट भुक्तानी गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा कनकाई नगरपालिका वडा नं ४ मा रहेको श्री सर्वेश्वर शिवालय संस्थालाई कनकाई नगरपालिकाको कनकाई नगर संस्था ऐन २०७८ को दफा ४ बमोजिम संस्था दर्ता गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा प्रस्ताव नं ६ माथि छलफल गर्दा यस कनकाई नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि २०७५ पहिलो संशोधन २०७७ समेत को दफा २ को उपदफा २ बमोजिम गठित समितिले पेश गरेको निर्णयानुसार उक्त वर्गको निर्माण व्यवसायी प्रदान गर्न अनूसुचि ५ बमोजिम योग्यता पुगेका तपशीलका फर्मलाई घ वर्गको इजाजत पत्र दिने निर्णय गरियो ।

तपशील:

| क्र.स | निर्माण व्यवसायीको नाम | ठेगाना |
|---|---|---|
| १ | श्री जेसिका एण्ड जेनिसा निर्माण सेवा प्रा.लि. | कनकाई न.पा.०४ |
| २ | श्री पवित्रा रत्न निर्माण सेवा | कनकाई न.पा.३ |
| ३ | श्री बिगन निर्माण सेवा प्रा.लि. | कनकाई न.पा.३ |

६. प्रस्ताव नं ६ माथि छलफल गर्दा कनकाई नगरपालिका वडा नं ३ निवासी श्री अमृता कार्की चम्लागाईको माग निवेदन माथि छलफल गर्दा निजको सूर्योदय कृषि फार्ममा मिति २०८१/०५/१५ गते विधुत सर्ट भई फार्ममा आगोलागी भई पशुपन्छी सहित भौतिक संरचनाको क्षति भएको इलाका प्रहरी कार्यलय, सुरुङगाको स्थलगत सर्जमिन सहित आर्थिक सहयोग माग भइ आएकाले कनकाई नगरपालिकाको आर्थिक सहयोग कार्यविधि बमोजिक नियमानुसार रकम उपलब्ध गराउने निर्णय गरियो ।

Scanned with CamScanner

# कनकाई नगरपालिका

## आ.व. २०८१/०८२ को चौथो नगर कार्यपालिका बैठक मिति २०८१/०६/०८

प्रस्ताव नं ७ माथि छलफल गर्दा कनकाई नगरपालिका वडा न ४ मा रहेको श्री वशिष्ठ आश्रम प्रवर्दन समितिको माग
निवेदन अनुसार उक्त भवन भत्काई नयां भवन निर्माणका लागि श्री नवल किशोर दत्त कायस्थ(कार्यपालिका सदस्य) ज्यूको
संयोजकत्वमा प्राविधिकलाई साइट भिजिट प्रतिवेदन माग गरि आगामी कार्यपालिका बैठक पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं ८ माथि छलफल गर्दा कनकाइ नगरपालिका वडा नं १ मा रहेको डिल्ली गौतम स्मृति प्रतिष्ठानको माग निवेदन
अनुसार सहिदा डिल्ली गौतमको ३०औ स्मृति दिवशको अवसरमा आयोजना हुने कार्यक्रमका लागि रकम रु ५०,०००।-
अक्षेरपि पचास हजार संघ संस्था सहयोग शीर्षिक बाट रकम उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताव नं ९ माथि छलफल गर्दा भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोवासी व्यवस्थापनमा कनकाई
नगरपालिका र सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (CSRC) बीच २०७६ सालमा सम्झौता भइ कार्य भइरहेको र हाल
उक्त संस्था मार्फत अन्तराष्ट्रिय भूमि सञ्जालले उपलब्ध गराएको रकम रु २,५०,०००।-(अक्षेरपि दुइ लाख पचास हजार
मात्र) भूमि सम्बन्धी कार्ययोजना अन्तर्गत कार्यक्रममा खर्च गर्ने निर्णय गरियो ।

१०. प्रस्ताव नं १० माथि छलफल गर्दा कनकाई नगरपालिका वडा नं ७ मा रहेको व्यवसायीक भवनको पूर्व तर्फको सटर नं
२ र पश्चिम तर्फको सटर नं ६ मा रहेको फेसन टच नामको फेन्सी स्टोरका कोठाहरु सागुरो भएको र बीचको वाल
भत्काउन निवेदन प्राप्त भएकाले प्राविधिक परामर्श तथा प्राविधिक प्रतिवेदनका आधारमा मूल्याङ्कन गरी क्षतिको विवरण
बराबरको धरौटी राखी कोठा छाडेको अवस्थामा साविकको जस्तै वनाई हस्तान्तरण गर्ने गरी स्वीकृती दिने निर्णय गरियो
।

११. प्रस्ताव नं ११ माथि छलफल गर्दा कनकाई सामुदायिक वन उपभोक्ता समूह कनकाई नगरपालिका वडा नं ३ को मिति
२०८१/०५/३० च.नं.३७ को पत्र बमोजिम कनकाई जैविक विविधता सूचना केन्द्र तथा इको बाल उद्यान निर्माणका
लागि रकम माग भइ आएकाले उक्त संरचना निर्माणका लागि पर्यटन शीर्षकबाट व्यय हुने गरि रु. २५,००,०००।-
रकम उपलब्ध गराउने निर्णय गरियो ।

१२. प्रस्ताव नं १२ माथि छलफल गर्दा कनकाई नगरपालिका वडा नं ३ मा अवस्थित श्री सुरुङगा खानेपानी तथा सरसफाई
सामुदायिक उपभोक्ता संस्थाको मिति २०८१/०५/१६ च.नं.१२ को पत्र बमोजिम कनकाई नगरपालिकाले उक्त खानेपानी
संस्थालाई उपलब्ध गराएको जग्गाको स्वामित्व पत्र उपलब्ध गराउने निर्णय गरियो ।

Scanned with CamScanner

बैठक: ०५-२०८१/०८२

आज मिति २०८१ साल असोज १७ गते बिहिबारका दिन यस कनकाई नगरपालिकाका नगर प्रमुख श्रीराजेन्द्र कुमार पोखरेलज्यूको अध्यक्षतामा नगर कार्यपालिका बैठक तपशिल उपस्थितिमा बसि देहाय बमोजिमको छलफल तथा निर्णय गरियो ।

उपस्थिति

| | |
|---|---|
| १. नगर प्रमुख- | राजेन्द्र कुमार पोखरेल |
| २. नगर उपप्रमुख- | आशा शिवाकोटी |
| ३. वडाध्यक्ष- | सुशिल कुमार पोखरेल |
| ४. वडाध्यक्ष- | बलराम राई |
| ५. वडाध्यक्ष- | युवराज चम्लागाई |
| ६. वडाध्यक्ष- | रोशन सुवेदी |
| ७. वडाध्यक्ष- | कृष्ण बहादुर राई |
| ८. वडाध्यक्ष- | भीष्म भूषण सिटौला |
| ९. वडाध्यक्ष - | लिला बहादुर कटुवाल |
| १०. वडाध्यक्ष - | राजेन्द्र प्रसाद उप्रेती |
| ११. कार्यवाहक वडाध्यक्ष - | कल्पना विश्वकर्मा |
| १२. कार्यवाहक वडाध्यक्ष - | कृष्ण माया भूजेल |
| १३. कार्यपालिका सदस्य- | सावित्रा देवी वर्देवा |
| १४. कार्यपालिका सदस्य- | नवल किशोर दत्त कायस्थ |
| १५. कार्यपालिका सदस्य- | नरा देवी मगर |
| १६. कार्यपालिका सदस्य- | लक्ष्मी कट्वाल |
| १७. कार्यपालिका सदस्य- | सुशिला वुधनी कुमारी चौधरी |
| १८. कार्यपालिका सदस्य- | हरिलाल खवास भूजेल |
| १९. कार्यपालिका सदस्य- | चेता राई |
| २०. सदस्य सचिव, प्र.प्र.अ.- | सुरज श्रेष्ठ |

अन्य:

| | |
|---|---|
| १. वरिष्ठ लेखा अधिकृत- | छत्रनाथ शर्मा |
| ३. अधिकृत छैटौं - | भोजराज आचार्य |
| ४. सहायक पाँचौ - | दुर्गा खड्का |

५. कुन्जितीपाल :

# कनकाई नगरपालिका

## आ.व. २०८१/०८२ को पाँचौ नगर कार्यपालिका बैठक मिति २०८१/०६/१७

**प्रस्तावहरु**

१. समीक्षा सम्बन्धमा ।

२. बिरिङ्ग नदिको नदिजन्य पदार्थ संकलन तथा बिक्रीको लागि पेश भएको बोलपत्र स्विकृत सम्बन्धमा

**निर्णयहरु**

१. प्रस्ताव नं १ माथि छलफल गर्दा अघिल्लो कार्यपालिका बैठकको निर्णयहरुको कार्यान्वियन र प्रगति सम्बन्धमा समीक्षा गरियो ।

२. प्रस्ताव नं २ उपर छलफल गर्दा कनकाई नगरपालिकाले तोकिदिएको क्षेत्र (विरिङ्ग नदि) भित्र IEE प्रतिवेदन अनुसार तोकिएको परिमाण र प्रदेश सरकारबाट तोकिएको दर रेट बमोजिमको नदीजन्य सामाग्री (पदार्थ) संकलन तथा बिक्रीको लागि कनकाई नगरपालिकाको मितिः २०८१/०४/३२ को निर्णय अनुसार संकेत नं.: KANAKAI/IR/2081/82-06 अन्तर्गत कनकाई नगरपालिकाले तोकिदिएको क्षेत्र (बिरिङ्ग नदी) भित्र IEE प्रतिवेदन अनुसार तोकिएको परिमाण र प्रदेश सरकारबाट तोकिएको दर रेट बमोजिमको नदीजन्य सामाग्री (पदार्थ) संकलन तथा बिक्री कार्यको लागि मितिः २०८१ भाद्र १७ को नागरिक राष्ट्रिय दैनिकमा सार्वजनिक सूचना प्रकाशन गरि बोलपत्र आह्वान गरिएको। बोलपत्र पेश गर्ने निर्धारित मिति र समय (२०८१ असोज १६, मध्यान्ह १२:०० बजे) सम्म जम्मा ३ (तीन) वटा क्रमश गैडे निर्माण सेवा, कनकाई, झापा, प्रगतिशिल निर्माण सेवा, जयपुर, बुद्धशान्ति , झापा र झापाली इन्टरनेशनल इन्जिनियरिङ्ग एण्ड बिल्डर्स प्रा.लि., बिर्तामोड, झापाबाट विधुतीय बोलपत्र पेश भएको, पेश भएका बोलपत्रहरु नगरपालिका तथा बोलपत्रदाताका प्रतिनिधिको रोहवरमा मितिः २०८१ असोज १६, अपरान्ह १२:३० बजे खोलिएको, पेश भएका तीनवटै बोलपत्रहरु मूल्यांकन समिति समक्ष मूल्यांकनको लागि पेश भएकोमा प्राप्त बोलपत्रको मूल्यांकन गर्दा तीनवटै बोलपत्र पूर्ण तथा ग्राह्य ठहर भइ आर्थिक पक्षको मूल्यांकन गरिएको, तीनवटै बोलपत्रको कबोल रकम नगरपालिकाद्वारा आ.ब. २०८१/८२ को लागि निर्धारित रकम मु अ कर समेत रु. २,०९,४२,४७०।०० **(अक्षरेपी रु. दुई करोड नौ लाख बयालिस हजार चार सय सतरी रुपैया मात्र)** भन्दा बढी भई सारभूत रुपमा प्रभावग्राही ठहर भएका। जसमध्ये बोलपत्रदाता श्री झापाली इन्टरनेशनल इन्जिनियरिङ्ग एण्ड बिल्डर्स प्रा.लि., बिर्तामोड, झापाको कबोल रकम **रु. २,९९,९९,९९९।३६ ( अक्षरेपी रु दुई करोड उनान्सय लाख उनान्सय हजार नौ सय उनान्सय रुपैया छतिस पैसा)** सबै भन्दा बढी रहेको र उक्त रकम अनुमानित रकम भन्दा **रु. ९०,५७,५२९.३६ (४३.२५%)** (अक्षरेपी रु. नब्बे लाख सन्ताउन्न हजार पाँच सय उनान्तिस रुपैया छतिस पैसा) बढी रहेको हुनाले उक्त बोलपत्र छनौट गर्न सिफारिश गर्ने गरी नगरपालिकाको आन्तरिक आय बोलपत्र मुल्याङ्कन समितिको मिति २०८१।०६।१७ गतेको बैठक सिफारिस अनुसार बिरिङ्ग नदिको नदिजन्य पदार्थ संकलन तथा बिक्रीको लागि श्री झापाली इन्टरनेशनल इन्जिनियरिङ्ग एण्ड बिल्डर्स प्रा.लि.बिर्तामोडबाट पेश भएको विधुतीय बोलपत्र कनकाई नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधी २०७५ को दफा ०४ (२) बमोजिम स्विकृत गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

बैठक: ०६-२०८१/०८२

आज मिति २०८१ साल कार्तिक २१ गते बुधबारका दिन यस कनकाई नगरपालिकाका नगर प्रमुख श्रीराजेन्द्र कुमार पोखरेलज्यूको अध्यक्षतामा नगर कार्यपालिका बैठक तपशिल उपस्थितिमा बसि देहाय बमोजिमको छलफल तथा निर्णय गरियो ।

<u>उपस्थिति</u>

| | |
|---|---|
| १. नगर प्रमुख- | राजेन्द्र कुमार पोखरेल |
| २. नगर उपप्रमुख- | आशा शिवाकोटी |
| ३. वडाध्यक्ष- | सुशिल कुमार पोखरेल |
| ४. वडाध्यक्ष- | वलराम राई |
| ५. वडाध्यक्ष- | युवराज चम्लागाई |
| ६. वडाध्यक्ष- | रोशन सुवेदी |
| ७. वडाध्यक्ष- | कृष्ण वहादुर राई |
| ८. वडाध्यक्ष- | भीष्म भूषण सिटौला |
| ९. वडाध्यक्ष - | लिला बहादुर कटुवाल |
| १०. वडाध्यक्ष - | राजेन्द्र प्रसाद उप्रेती |
| ११. कार्यवाहक वडाध्यक्ष - | कल्पना विश्वकर्मा |
| १२. ~~कार्यवाहक वडाध्यक्ष~~ - कार्यपालिका सदस्य- | कृष्ण माया भूजेल |
| १३. कार्यपालिका सदस्य- | सावित्रा देवी बर्देवा |
| १४. कार्यपालिका सदस्य- | नवल किशोर दत्त कायस्थ |
| १५. कार्यपालिका सदस्य- | नरा देवी मगर |
| १६. कार्यपालिका सदस्य- | लक्ष्मी कट्वाल |
| १७. कार्यपालिका सदस्य- | सुशिला बुधनी कुमारी चौधरी |
| १८. कार्यपालिका सदस्य- | हरिलाल खवास भूजेल |
| १९. कार्यपालिका सदस्य- | चेता राई |
| २०. सदस्य सचिव, प्र.प्र.अ.- | सुरज श्रेष्ठ |

अन्य:

| | |
|---|---|
| १. लेखा अधिकृत- | क्षेत्रनाथ शर्मा |
| २. प्रशासकीय अधिकृत- | जमुना कटुवाल |
| ३. प्रशासकीय अधिकृत - | तिर्थमाया राई |
| ४. सहायक पाँचौ - | विजय पाठक |

Scanned with CamScanner

# कनकाई नगरपालिका

## आ.व. २०८१/०८२ को छैटौ नगर कार्यपालिका बैठक मिति २०८१/०७/२१

प्रस्तावहरु

१. समिक्षा सम्बन्धमा ।

२. बहुउदेश्यीय भवन सम्बन्धमा ।

३. सडक वोर्डको योजना छनौट सम्बन्धमा ।

४. कृषि बजारको भाडा निर्धारण सम्बन्धमा ।

५. साझेदारी कार्यक्रम सम्बन्धमा ।

६. संस्था दर्ता सम्बन्धमा ।

७. नगर अस्पतालको बजेट सम्बन्धमा ।

८. ठेक्का अनुमोदन सम्बन्धमा ।

९. घरनक्साको म्याद थप सम्बन्धमा ।

१०. मकै खेति क्लस्टर सम्बन्धमा ।

११. घ वर्गको ईजाजत सम्बन्धमा ।

१२. कारिताससँगको साझेदारी कार्यक्रम सम्बन्धमा ।

१३. हेफर प्रोजेक्ट नेपालसँगको साझेदारी कार्यक्रम संचालन सम्बन्धमा ।

१४. विविध सम्बन्धमा ।

निर्णयहरु

१. प्रस्ताव नं १ माथि छलफल गर्दा अघिल्लो कार्यापालिका बैठकको निर्णहरुको कार्यान्वयन र प्रगति सम्बन्धमा समीक्षा गरियो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा यस नगरपालिकाको आर्थिक वर्ष २०७६/०७७ मा बोलपत्रको प्रक्रिया मार्फत छनौट भएको निर्माण कम्पनी श्री याकथुमहाङ-यस. एय.स जेभी बीच मितिः २०७७/०३/१२ मा सम्झौता नं.: Kanakai/NCB/Works/3/076-77 अन्तर्गत "Kanakai Multipurpose Community Building Construction" कार्यको लागि मू.अ.क. समेत रु. ४,९६,५२,०६२.८६ मा निर्माण कार्यको खरिद सम्झौता भएको । सम्झौता बमोजिम अग्रिम पेश्की जमानत संलग्न गरि मितिः २०७७/०३/३० मा निर्माण कम्पनीलाई रु. ४९,६५,२०६ अग्रिम पेश्की भुक्तानी समेत भएको र बहुउद्देश्य सामुदायिक भवन निर्माणका लागि तयार गरिएको साविक ड्रइङ, डिजाइन, स्पेसीफिकेसन, लागत अनुमानमा बेसमेन्ट पार्किङ नभएको तथा उक्त भवनको निर्माण स्थल कनकाई नगरपालिकाको मुख्य बजार क्षेत्रमा रहेको र बढ्दो शहरीकरणका कारण सवारी पार्किङ स्थल समेत सोही भवनमा निर्माण गर्नुपर्ने देखिएकाले साविकको ड्रइङ डिजाइन अनुसारको भवन निर्माण गर्दा पार्किङ व्यवस्थापन गर्न असहज भइ उक्त भवनको उपयोगितामा समेत असर पर्ने साथै उक्त भवन निर्माणका लागि संघीय समपुरक अनुदानबाट निर्माण गर्ने गरि ठेक्का सम्झौता भएकोले हाल उक्त भवन निर्माणका लागि श्रोतको अभाव देखिएको र हालको डिजाइन अनुसार कार्य गर्दा स्थानियले समेत लगानि गर्ने भनि प्रतिवद्धता देखाएको र नगर विकास कोषको ऋण समेत प्राप्त हुने, नगरपालिकाको आय बढ्ने, भवन समयमा नै सम्पन्न हुने देखिएको । हाल खरिद सम्झौता भएको ३ वर्षभन्दा बढी अवधि व्यतित भएको, हालको आवश्यकता अनुसार साविक भन्दा फरक प्रकारको भवन बनाउनुपर्ने भएको हुनाले साविक डिजाइन, स्पेसीफिकेसन, परिमाण (BoQ) तथा लागतमा समेत सारभूतरुपमा फरक पर्ने भएको । साविक सम्झौता बमोजिम निर्माण कार्य गर्दा डिजाइन तथा परिमाणमा भएको परिवर्तनका कारण नगरपालिकाको क्षेत्राधिकार भन्दा धेरै भेरिएसन हुने समेत देखिएको हुनाले साविक सम्झौता अगाडी बढाउन सम्भवना नदेखिएको । उक्त सम्झौता अनुसार कुनै कार्य नभएको हुनाले निर्माण व्यवसायीको कुनै खर्च (लागत) नभएको । हालसम्म औपचारिक रुपमा कार्यन्वयन हुन नसकेको अवस्थामा उक्त सम्झौतालाई निरन्तर थप गरि अगाडी बढाउनुको सट्टा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ को उप-दफा ४ बमोजिम सुविस्ताको आधारमा सम्झौता अन्त्य गर्दा नगरपालिका र नगरवासीको हित हुने देखिएकाले । विभिन्न निकायबाट प्राप्त गर्नुपर्ने सहमति प्राप्त गरि, आवश्यकता (डिजाइन, स्पेसीफिकेसन, परिमाण (BOQ) ) तथा लागत अनुमान अध्यावधिक गरि निर्माण

Scanned with CamScanner

व्यवसायीलाई भुक्तानी गरिएको पेश्की रकम सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ को उपनियम ६ बमोजिम आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवाप्रदायकले खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौतामा उल्लेखित समयवधि भित्र सम्पादन नगरेको कारणले यस नियम बमोजिमको पेश्की फछ्यौट हुन नसकेमा सार्वजनिक निकायले उपनियम बमोजिमको बैंक जमानतको रकम सम्बन्धित बैंकबाट प्राप्त गरि पेश्की फछ्यौट गर्नुपर्नेछ र निजबाट त्यस्तो पेश्की रकमको सयकडा दस प्रतिशत ब्याज समेत असुल उपर गर्नुपर्ने व्यवस्था भएकाले अग्रिम पेश्की भुक्तानी भएकोमा पेश्की रकमको सयकडा दस प्रतिशत ब्याज रकम रु. २१,३५,७१८.७५ र पेश्की वापतको रकम रु. ४९,६५,२०६।- गरी जम्मा रु. ७१,००,९२४.७५।- रकम असुल गरि यस नगरपालिका र कम्पनी विच भएको मिति २०७७/०३/१२ गतेको सम्झौता रद्द गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा सडक बोर्ड नेपालको मिति २०८१/०६/१३ गतेको पत्रानुसार आर्थिक वर्ष २०८१/०८२ का लागि सडक मर्मत सम्भार शिर्षकमा रु. ५० लाख प्राप्त भएकाले सडक बोर्ड नियमावली २०६० को परिच्छेद ३ नियम ९ मा व्यवस्था भए बमोजिम मंसिर मसान्तभित्र वार्षिक कार्यक्रम स्वीकृति गरि सहमति पेश गर्नुपर्ने भएकाले सडक बोर्ड र यस नगरपालिकाको लागत साझेदारीमा योजना छनौट गरी पठाउनु पर्ने व्यवस्था भएकाले तपशिल बमोजिमका सडकहरुलाई छनौट गरी पठाउने निर्णय गरियो ।

तपशिल

| क.सं. | योजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | भृकुटी मार्ग | क.न.पा.-७ | |
| २ | शान्तिं मार्ग | क.न.पा.-१ | |
| ३ | डाँडागाँउ मार्ग | क.न.पा.-२ | |
| ४ | हिमाली मार्ग | क.न.पा.-८ | |

